# हेलम्बु गाउँपालिका

# हेलम्बु राजपत्र

खण्डः ७ संख्याः ५ मिति :२०८१/०४/१५


भाग — ३

## "हेलम्बु गाउँपालिकाको रैथाने बाली वीउ संरक्षण तथा बाली उत्पादन अनुदान कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०"

# रैथाने बाली वीउ संरक्षण तथा बाली उत्पादन अनुदान कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०

## प्रस्तावना

रैथाने बालीको वीउ संरक्षण तथा बाली उत्पादन कार्यक्रमबाट यस हेलम्बु गाउँपालिका अन्तर्गत खेती गरिदैं आएका रैथाने तथा स्थानीय महत्वका बालीहरुको संरक्षण तथा उत्पादनमा कृषकहरुलाई प्रोत्साहित गर्दै कृषि व्यवसायबाट स्वरोजगारी सृर्जना गरी सम्भावित भोकमरी कुपोषण निर्मुल गरि पोषण, खाद्य सुरक्षा, खाद्य सम्प्रभुतालाई प्रर्वद्धन तथा रैथाने तथा स्थानीय स्तरमा महत्वका बालीहरुको उत्पादन र उत्पादकत्वमा वृद्धि गरी कृषकहरुको आर्थिक स्थितिमा सुधार ल्याउन तथा स्थानीय स्तरमा रहेका खाद्य तथा पोषण सुरक्षामा महत्वपूर्ण योगदान पुर्याउने कृषि बाली बस्तुको उत्पादन तथा क्षेत्र विस्तार गर्न अति आवश्यक देखिन्छ। त्यस्ता महत्व बोकेका कृषि बाली बस्तुको उत्पादन एवम उत्पादकत्व वृद्धि र मूल्य शृङ्खला विकास गरी पालिकामा खाद्य तथा पोषण सुरक्षाको अवस्थामा सुधार गर्न रैथाने बाली वीउ संरक्षण तथा बाली उत्पादन अनुदान कार्यक्रमलाई प्रभावकारी र पारदर्शि बनाउन बाञ्छनीय भएकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ (ण) को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी "रैथाने बाली वीउ संरक्षण तथा बाली उत्पादन अनुदान कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०" तयार गरी जारी गरिएको छ।

**गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/०२/१४ गते**

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** यस कार्यविधिको नाम "हेलम्बु गाउँपालिकाको "रैथाने बाली वीउ संरक्षण तथा बाली उत्पादन अनुदान कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०" रहेको छ।

यो एन स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क. "गाउँपालिका" भन्नाले हेलम्बु गाउँपालिका कार्यालय, हेलम्बुलाई सम्झनुपर्दछ।

ख. "कार्यालय" भन्नाले अनुदान प्रवाह गर्ने निकाय वा हेलम्बु गाउँपालिकालाई सम्झनुपर्दछ।

ग. "पहिलो पक्ष" भन्नाले हेलम्बु गाउँपालिकालाई सम्झनुपर्दछ।

घ. "दोस्रो पक्ष" भन्नाले कृषक/कृषि समूह/सहकारी/फर्म/टोल विकास समिति वा अनुदानग्राही सम्झनुपर्दछ।

ङ. "अनुदानग्राही" भन्नाले व्यवसायिक तथा पोषण सुरक्षाका लागि सामूहिक वा व्यक्तिगत रुपमा खाद्यान्न, तरकारी, फलफुल खेती, पशुपालन तथा मल आदि कार्यालयबाट अनुदान लिने कृषक/कृषि समूह/सहकारी/फर्म/टोल विकास समिति तथा कृषि उद्यमीलाई सम्झनुपर्दछ।

च. "रैथाने बाली" भन्नाले गाउँपालिका क्षेत्रभित्र रहेका परम्परागत रुपमा खेती गर्दै आएका र हाल लोपोन्मुख अवस्थामा पुगेका खाद्य तथा पोषण सुरक्षामा महत्वपूर्ण योगदान पुर्याउने कृषि बाली बस्तुलाई सम्झनुपर्दछ।

छ. "प्रस्ताव" भन्नाले कार्यक्रममा उल्लेख कार्य गर्नका लागि अनुदानग्राहीले पेश गरेको विस्तृत कार्ययोजना सहितको विवरणलाई सम्झनुपर्दछ।

ज. "सेवाग्राही" भन्नाले कृषि प्रर्वद्धनको लागि कार्यालयबाट अनुदान सहयोग लिने अनुदानग्राही तथा पोषण सुरक्षाका लागि कार्यालयबाट कृषिजन्य सहुलियत प्राप्त गर्ने कृषकलााई सम्झनुपर्दछ।

झ. "वडा" भन्नाले हेलम्बु गाउँपालिका भित्रका सबै वडा कार्यालयलाई सम्झनुपर्दछ।

ञ. "सहकारी" भन्नाले कृषि व्यावसाय प्रर्वद्धनमा टेवा पुर्याउने कृषि सहकारी, दुग्ध सहकारी, चिया/कफी सहकारी लगायतका सहकारीलाई सम्झनुपर्दछ।

ट. "व्यवसायिक खेती" भन्नाले २ रोपनी भन्दा बढी क्षेत्रफलमा लगाईएको रैथाने बाली खेतीलाई सम्झनुपर्दछ।

ठ. "पोषण सुरक्षा" भन्नाले दैनिक आफ्नो घरपरिवारमा उपभोग हुने खाद्यान्नमा प्रयोग हुने खाद्य सामाग्री उत्पादनको लागि पालन गरिएको पशुपंक्षी पालन लगाईएको फलफुल विरुवा, तरकारी बाली, खाद्यान्न बालीलाई सम्झनुपर्दछ।

ड. "पकेट क्षेत्र" भन्नाले उत्पादनको अनुकुल हेरी कृषि अध्ययनबाट क्षेत्रगत उत्पादनको लागि तोकिएको विशेष उत्पादन क्षेत्रलाई सम्झनुपर्दछ।

## परिच्छेद- २

## कार्यक्रमको उद्देश्य र सञ्चालन प्रक्रिया

### ३. कार्यक्रमको उद्देश्यः

क) गाउँपालिका भित्र रैथाने बालीहरुको संरक्षण उत्पादन तथा बजार प्रर्वद्धन भई कृषकहरुको आय स्तरमा वृद्धि भई स्थानीय खाद्य तथा पोषण सुरक्षामा समेत टेवा पुर्याउने।

ख) स्थानीय श्रोत साधनको अधिकतम प्रयवग गरी बाली उत्पादन लागतलाई न्युनीकरण गरी कृषकलाई आत्मनिर्भर बनाउने।

ग) रैथाने बाली बस्तको उत्पादन तथा संरक्षण गर्नमा कषक/कृषक समूह/सहकारीलाई जागरुक बनाउने।

**४. लक्षित समूहः** कषक/कृषक समूह/कृषि फर्म/कृषि सहकारी र उत्पादन तथा बजारीकरण र मूल्य शृङखलासँग सम्बन्धित सरोकारवाला सबै।

**५. प्रमुख क्रियाकलापहरुः** कृषि विकास शाखाले गाउँसभाबाट विनियोजित बजेटलाई मध्यनजर गरी कार्यालय प्रमुखबाट लागत अनुमान स्वीकृत गराई तपसिलका क्रियाकलापहरु पर्ने गरी कार्यक्रम संचालन गर्नुपर्नेछः

**क) रैथाने बालीहरुको महत्वबारे सचेतना एवं प्रचारप्रसारः**

अ) कृषि शाखाले स्थानीय एफ रेडियो/पत्रपत्रिकाहरुसँग सम्झौता गरी रैथाने बालीको महत्वका बारेमा निरन्तर रुपमा जानकारी मुलक सन्देशका क्रियाकलापहरु संचालन गर्न सकिनेछ।

आ) सबैले देख्ने ठाउँमा रैथाने बालीको महत्वबारे सचित्र होर्डिङ बोर्ड राख्न सकिनेछ।

इ) अगुवा कृषकहरुलाई रैथाने बालीको महत्व तथा खाद्य सुरक्षामा यसको भुमिका विषयमा कम्तिमा २ दिनको तालिम संचालन गर्न सकिनेछ।

ई) विद्यालयहरुसँग सहकार्य गरी दिवा खाजाको रुपमा रैथाने बालीको महत्वबारे जानकारी गराउने तथा दिवा खाजाको रुपमा रैथाने बालीबस्तुको प्रयोगको लागि विद्यालयसँग सम्झौता गरी आर्थिक तथा प्राविधिक सहयोग पर्ने गरी कार्यक्रम संचालन गर्न सकिनेछ।

**ख) कार्यक्रम व्यावस्थापन, तालिम गोष्ठी तथा प्रर्दशनीः**

अ) रैथाने बाली प्रर्वद्धन कार्यक्रम संचालन तथा कार्यान्वयनका लागि आवश्यक गोष्ठि र बैठक आयोजना, कार्यक्रम संचालनका लागि सूचना आव्हान, सूचना प्रसारण, निवेदन संकलन, लाभग्राही छनौटका लागि स्थलगत सम्भाव्यता अध्ययन र भ्रमण जस्ता क्रियाकलाप गर्न सकिनेछ।

आ) रैथाने बालीको परिकारबारे तालिम पश्चात सहभागिताबाट तयार गरिएको परिकार तथा अन्य रैथाने खाद्य परिकारको सार्वजनिक ठाउँमा प्रर्दशनी गर्ने गरी क्रियाकलाप संचालन गर्न सकिनेछ।

**ग) रैथाने बाली उत्पादन गर्ने कृषक/कृषक समूह/कृषि फर्महरुलाई रैथाने बालीको निःशुल्क किट तथा वीउ वितरणः**

अ) पालिका भित्र रहेका कृषक/कृषक समूह/सहकारी तथा फर्मको मागको आधारमा रैथाने बालीमा सुचिकृत तथा स्थानीय स्तरमा लोकप्रियताकारी, खाद्यान्न, दलहन, मसलाबाली, तेलहन तथा आलुका जातको वीउ निःशुल्क वितरण गर्न सकिनेछ। सोका लागि प्रति किट खाद्यन्न, दलहन तथा कोशेबाली र तेलहन बालीको हकमा रु १०००/-, मसला बाली र आलु बालीको हकमा कम्तिमा पनि १ कठ्ठा जग्गालाई पुग्ने गरी खर्च गर्न सकिनेछ।

**घ) उर्वराशक्ति सुधार तथा रैथाने बाली क्षेत्र विस्तारः**

अ) गाउँपालिकाले कम्तिमा १५ घरपरिवारको समूहमा सामाग्रीमा ५०% तथा प्रति परिवार रु १२०००/- का दरले दिने गरी सम्झौता गराई भकारो सुधार/सुधारिएको गोठेमल वा कम्पोष्टमल तयारी कार्यक्रम संचालन गर्न सकिनेछ।

आ) आफ्नो वा लिजमा लिएको बाँझो जमिन खनजोत गरी तोकिएका रैथाने बाली वा रैथाने जातको खेती गर्ने कृषकलाई सम्बन्धित वडाको सिफारिसमा प्रोत्सहान अनुदान कार्यक्रम संचालन गर्न सकिनेछ। सो का लागि प्रति कठ्ठा रु १२००/- र प्रति रोपनी रु २०००/- का दरले अधिकतम रु १ लाख सम्म प्रोत्सहान रकम उपलब्ध तथा खर्च गर्न सकिनेछ।

__ङ) प्रशोधन तथा बजारीकरणः__

अ) अन्य संघसंस्थाहरुको साझेदारीमा खाद्य परिकार मेला आयोजना गर्न सकिनेछ।

आ) जिल्ला बाहिर आयोजना हुने रैथाने बाली सम्बन्धि मेला/प्रर्दशनी/महोत्सवमा सहभागि हुन सकिनेछ।

इ) निजी उद्यमी वा सामुदायिक संस्थालाई रैथाने खाद्य पदार्थ एंव परिकारमा आधारित होमस्टे संचालन वा सुदृढीकरण सहयोग क्रियाकलाप संचालन गर्न सकिनेछ। जसका लागि एक वा एकभन्दा बढी होमस्टेको लागि पूर्वाधार वा सामाग्रीमा ५०% अनुदान सहयोग गर्न सकिनेछ।

ई) स्थानीय स्तरमा रैथाने बालीका उपज तथा खाद्य परिकार बिक्री स्टल वा कोशेली घर स्थापनाका लागि ५०% अनुदान र्याक/सो केश लगायतका सामाग्री खरिद गर्न बढीमा रु ५००००/- सम्म खर्च गर्न सकिनेछ।

उ) रैथाने बालीका उत्पादन भण्डारण तथा प्रशोधनमा आवश्यक पर्ने सामाग्रीहरु जस्तैः हाते ट्याक्टर, चुट्ने र फल्ने मेसिन बीउ भण्डारण व्याग, सिड विन, कुट्ने, पिस्ने मेसिनमा ५०% अनुदान वितरण गर्न साथै रैथाने बालीमा आधारित परिकार विक्रीवितरण गर्ने रेस्टुरेन्टको लागि आवश्यक पर्ने मेसिन तथा सामाग्रीहरुमा समेत ५०% अनुदान दिन सकिनेछ।

ऊ) कृषि शाखाबाट रैथाने बालीमा आधारित उत्पादनको प्याकेजिङ्ग र ब्राण्डिङ्ग सहयोगका कार्यक्रमहरु संचालन गर्न सकिनेछ।

__च) रैथाने बाली संरक्षणः__

अ) सामुदायिक वीउ बैंक स्थापना गर्न सकिनेछ।

आ) रैथाने बाली उत्पादन, प्रर्वद्धन र संरक्षणमा उत्कृष्ट कार्य गर्ने कृषक/कृषि उद्यमी/कृषक समूह/सामुदायिक वीउ बैंक आदिलाई कृषि विकास/आर्थिक विकास समितिको निर्णयमा सार्वजनिक कार्यक्रमको आयोजना गरी पुरस्कार सहित सम्मान गर्न सकिनेछ।

__छ) तथ्याङ्क संकलन, समिक्षा तथा प्रगती प्रतिवेदनः__ कृषि शाखाले यस कार्यक्रमको तथ्याङ्क संकलन, समिक्षा र प्रगती प्रतिवेदन पेश गर्नुपर्नेछ।

**६. अपेक्षित उपलब्धिहरुः**

क) स्थानीय स्तरमा भएका स्रोत साधनको उच्चतम प्रयोग गरी उत्पादन लागतलाई न्युनीकरण तथा कृषकको क्षमतामा वृद्धि भएको हुनेछ।

ख) गाउँपालिका भित्र रहेका रैथाने बालीहरुको संरक्षण उत्पादन तथा प्रर्वद्धन भई कृषकहरुको आय स्तरमा वृद्धि एवम स्थानीय खाद्य तथा पोषण सुरक्षामा समेत टेवा पुगेको हुनेछ।

**७. कार्यक्रम सञ्चालन हुने बाली:** यस कार्यविधिले निर्धारण गरेका अनुसूची-१ बमोजिमका बालीहरुमा कार्यक्रम संचालन हुनेछ।

**८. कार्यक्रम संचालन विधि/न्युनतम मापदण्ड/प्रासङ्गिक विषयः** पालिकाले १५ दिने सार्वजनिक सूचना मार्फत प्रस्ताव आव्हान गर्नेछ। सूचना पश्चात अनुसूची-२ बमोजिमको ढाँचामा निवेदन पेश गर्नुपर्नेछ र छनौट भएका लाभग्राहीहरुसँग अनुसूची-३ बमोजिम सम्झौता गरिनेछ। यस कार्यक्रम अन्तर्गत उत्पादनसँग सम्बन्धित क्रियाकलापहरु सञ्चालन गर्दा सम्भव भए सम्म कृषक समूह/कृषि सहकारी मार्फत एकीकृत रुपमा स-साना उत्पादन क्षेत्र बनाई लागु गर्नुपर्नेछ। त्यस्ता उत्पादन क्षेत्र पकेट तथा ब्लक निर्माण गर्न सकिने छ र तोकिएका बालीहरुमा कार्यक्रम संचालन गर्दा न्युनतम पनि २ रोपनी जग्गामा खेती गरिएको हुनुपर्नेछ। कार्यक्रम संचालन गर्दा माथि उल्लेखित क्रियाकलापहरुसँग सम्बन्धित अन्य क्रियाकलाप गर्न सकिनेछ।

## परिच्छेद-३

## विविध

**९. कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्मसः** रैथाने बाली उत्पादन अन्तर्गत माथि उल्लेखित शिर्षकका कार्यक्रम संचालन गर्ने बाहेकको कार्यक्रम गर्नपर्दा पालिकाबाट ५० प्रतिशत, ७५ प्रतिशत र शत प्रतिशत सम्म अनुदान दिन सकिनेछ।

**१०. बजेटको व्यवस्था:** रैथाने बाली बीउ संरक्षण तथा उत्पादन कार्यक्रम संचालनका लागि गाउँसभाले आवश्यक बजेटको व्यवस्था गर्नेछ।

**११. भुक्तानी प्रक्रिया:** आर्थिक विकास समितिबाट कार्यक्रम सञ्चालनका लागि छनौट भई कार्यक्रम संचालन गरेका लाभग्राहीले कृषि प्राविधिकको कार्यसम्पन्न प्रतिवेदन सहित कार्यक्रमको लागि आवश्यक बिल, भर्पाई र कार्यक्रम झल्किने फोटोहरु पेश गरी भुक्तानीको लागि आएका कार्यक्रमको कार्यविधि र लागत ईष्टिमेट अनुसार नियमानुसार करकट्टी गरी बाकी हुन आउने रकम बैंक खााता मार्फत भुक्तानी गरिनेछ।

**१२. अनुगमन/मुल्याङ्कनः** गाउँपालिकाका उपाध्यक्षको संयोजक र कृषि शाखा प्रमुख सदस्य सचिव रहने गरी अनुगमन समिति गठन गरी सो समितिबाट तोकिएअनुसार कृषि अनुदानको उपयोग गरे वा नगरेको सम्बन्धमा अनुगमन गर्नेछ। अनुगमनमा खटिए बापत समितिका पदाधिकारीहरुलाई कानून बमोजिम दैनिक भत्ता उपलब्ध हुनेछ।

**१३. बाधा अड्काउ फुकाउने:**

क. यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ परेमा सो फुकाउने अधिकार हेलम्बु गाउँ कार्यपालिकाको हुनेछ।

ख. यो कार्यविधिलाई आवश्यकता अनुसार गाउँ कार्यपालिकाले संशोधन तथा परिमार्जन गर्न सक्नेछ।

## अनुसूची (१)
## दफा ७ सँग सम्बन्धित
## गाउँपालिकाले निर्धारण गरेका रैथाने र लोकप्रिय बाली र जातहरु

**१. खाद्यन्न बालीः**

क) कोदो
ख) जौं
ग) फापर
घ) जुनेलो
ङ) मार्से
च) करु
छ) मार्सि धान
ज) मुडुले गँहु
झ) ठूलो दाना भएको मकै

**२. तरकारी बालीः**

क) स्थानीय काक्रा
ख) स्थानीय डल्ले फर्सी
ग) चिचिन्डा स्थानीय

**३. आलु स्थानीय**

**४. कोशेबालीः**

क) सिमी
ख) बोडी
ग) भटमास
घ) मास
ङ) गहत
च) अडहर

**५. तेलबालीः**

क) तोरी
ख) सर्सु
ग) रायो
घ) तिल
ङ) झुसेतिल

**६. मसला बालीः**

क) अदुवा
ख) बेसार

ग) लसुन

घ) प्याज

ङ) दद्‌ु

च) धनियाँ

छ) सम्फु

**<u>७. अन्य बालीः</u>**

क) पिडाँलु

ख) सखरखण्ड

ग) मुला

घ) स्थानीय डल्ले खुर्सानी

# अनुसूची (२)
# कार्यक्रम मागको आवेदन फारम ढाँचा

श्रीमान प्रमुख प्रशासकीय अधिकृत
हेलम्बु गाउँकार्यपालिकाको कार्यालय
हेलम्बु, सिन्धुपाल्चोक।

**विषयः रैथाने बाली उत्पादन कार्यक्रम सम्बन्धमा।**

महोदय,

प्रस्तुत विषयमा त्यस कार्यालयबाट संचालन गरिने रैथाने बाालीको बीउ संरक्षण अनुदान कार्यक्रम प्रासिका लागि हाम्रो कृषक समू/सहकारी संस्थाको निर्णय प्रतिलिपी र तपसिलको विवरण सहित यो निवेदन पेश गरिएको छ। कार्यालयले तोकिएको कार्यविधिहरु अपनाई सोही अनुसार कार्यक्रम संचालन गर्न पुर्ण रुपमा मञ्जुर भएको व्यहोरा समेत अनुरोध छ।

तपसिलः

१. कार्यक्रम मागको निवेदन
२. सम्बन्धित वडा कार्यालयको सिफारिस
३. समुह/सहकारीको हकमा कार्यक्रम माग सम्बन्धि निर्णय
४. दर्ता प्रमाणपत्र, प्यान नं र कर चुक्ताको प्रतिलिप
५. कार्यक्रम कार्यान्वयन सम्बन्धि प्रतिबद्धता पत्र
६. अन्य आवश्यक कागजातहरु।

<u>अनुसूची (३)</u>

**रैथाने बाली वीउ संरक्षण तथा बाली उत्पादन अनुदान कार्यक्रम सम्झौता पत्रको नमूना**

**हेलम्बु गाउँकार्यपालिकाको कार्यालय, बागमती प्रदेश, हेलम्बु सिन्धुपाल्चोक र**

श्री ............................................................ बीच

................................................................... संचालनको लागि सम्झौता पत्र।

यो सम्झौता पत्र .............................. कार्यालय (यस पछिको पहिलो पक्ष भनिएको) र .................................... कृषक/समूह/सहकारी संस्था .... वडा नं ................ टोल (यस पछिको दोस्रो पक्ष भनिएको) तपसिलको शर्त बमोजिमको कुराहरुलाई पालना गर्ने कुरा मञ्जुर गरिन्छ।

१. यो सम्झौता, सम्झौता भएको मिति .................. देखि प्रारम्भ भएको मानिनेछ र यो सम्झौतामा संलग्न स्वीकृत प्रस्तावना/इष्टिमेट बमोजिमको कार्य यथाशिघ्र संचालन गरी मिति .................. गते सम्म सम्पन्न गरेर आवश्यक कागजात सहित दोस्रो पक्षले पहिलो पक्ष समक्ष पेश गर्नुपर्नेछ।

२. यस सम्झौता बमोजिमको ................................ कार्यक्रम सम्बन्धी कार्य दोस्रो पक्ष आफैंले गर्नुपर्नेछ। दोस्रो पक्ष आफैंले नगरी अन्य व्यक्ति वा संस्था मार्फत गराउन पाइने छैन्।

३. प्रथम पक्षले दोस्रो पक्षलाई रकम भुक्तानी गर्दा सम्बन्धित प्राविधिकको प्रतिवेदन र आवश्यकता अनुसार आयोजना निरीक्षण गरी रकम भुक्तानी गरिनेछ। साथै अनुदानग्राहीले रकम भुक्तानी माग्दा कार्यक्रम सम्पन्नको कार्यक्रम झल्कने फोटोहरु र बिल भर्पाई पेश गर्नुपर्नेछ।

४. अनुदान बापत रु..................(अक्षरुपी ............................................मात्र) नियमानुसार करकट्टी गरी बैंक खाता मार्फत भुक्तानी गरिनेछ।

५. दोस्रो पक्षको लापरबाहीको कारणबाट कार्य सम्पन्न नभई हानी नोक्सानी भएमा त्यसको सम्पूर्ण जिम्मेवारी दोस्रो पक्षको हुनेछ।

६. सम्झौता बमोजिमको कार्य गर्ने सम्बन्धमा कुनै विवाद आएमा दुवै पक्षको उपस्थितिमा समझदारी गर्न सकिनेछ र प्रथम पक्षको निर्णय नै अन्तिम निर्णय हुनेछ।

७. कृषि उत्पादन सामाग्री, बिउ तथा औजार उपकरण खरिद गर्दा आधिकारिक श्रोत केन्द्रबाट मात्र खरिद गर्नुपर्नेछ।

८. दुवै पक्षबीच सम्झौता भएको मिति देखी लागू हुने गरी प्रथम पक्षलाई कार्यक्रम संचालन गर्नको लागि कार्य आदेश दिएको मानिनेछ।

९. यो सम्झौतामा उल्लेख भएका कुराहरुमा यस बमोजिम र अन्य कुराहरुमा प्रचलित एन नियमानुसार हुनेछ।

**<u>प्रथम पक्ष</u>** **<u>दोस्रो पक्ष</u>**

| | |
|---|---|
| दस्तखतः | दस्तखतः |
| नाम : | नामः |
| पदः | पदः |
| मितिः | मितिः |
| कार्यालयको छापः | संस्थाको छापः |

**<u>साँक्षी</u>**

दस्तखतः

नाम :

पदः

मितिः

कार्यालयको छापः

**आज्ञाले,**

**राजुभाइ श्रेष्ठ**

**प्रमुख प्रशासकीय अधिकृत**